ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

मिति २०७८।०२।२५

प सं ०७७/०७८
च नं ५०५३

विषय : विद्यार्थी, मूल्याङ्कन शैक्षिक सत्र एवम् सिकाइ निरन्तरता सम्वन्धी सूचना ।

श्री सवै सामुदायिक तथा संस्थागत विद्यालय
ललितपुर महानगरपालिका, ललितपुर ।

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च नं ३९४ मिति २०७८।०२।२३ को विद्यार्थी, मूल्याङ्कन शैक्षिक सत्र एवम् सिकाइ निरन्तरता सम्वन्धी प्राप्त पत्र यसैसाथ संलग्न छ । सोही वमोजिम विद्यार्थी, मूल्याङ्कन शैक्षिक सत्र एवम् सिकाइ निरन्तरता सम्वन्धी शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्नु गराउनु हुन अनुरोध छ ।

महेन्द्र वहादुर क्षेत्री
प्रमुख
शिक्षा महाशाखा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ०७७/७८
चलानी नं.:- ३५४

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार,
काठमाडौं, नेपाल

मितिः २०७८/२/२३

विषयः विद्यार्थी मूल्याङ्कन, शैक्षिक सत्र एवं सिकाइ निरन्तरता सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार ।

शिक्षा नियमावली (संसोधन सहित) २०५९ बमोजिम आगामी शैक्षिक सत्र २०७८ असार एक गतेबाट शुरु हुने भएकाले शैक्षिक सत्रको २०७७ को विद्यार्थी मूल्याङ्कन, नयाँ शैक्षिक सत्र एवं विद्यार्थीका सिकाइ निरन्तरताका लागि देहाय बमोजिमको व्यवस्था गर्न गराउन सबै स्थानीय तहमा जानकारी गराईदिनुहुन मिति २०७८/०२/२३ को निर्णयानुसार अनुरोध छ ।

१. विद्यालय तहको कक्षा आठ को विद्यार्थी मूल्याङ्कन सम्बन्धमा कतिपय स्थानीय तहहरुले सूचना समेत सार्वजनिक गरिसकेको सन्दर्भमा सोही बमोजिम गर्नुहुन तथा अन्य स्थानीय तहहरूले विद्यालयको आन्तरिक मूल्याङ्कन वा उपयुक्त वैकल्पिक माध्यमबाट विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था गरी गराई कक्षा चढाउने विषयमा उपयुक्त निर्णय लिने र सो बमोजिम विद्यालयहरुले माथिल्लो कक्षामा अध्ययनको व्यवस्था मिलाउने ।

२. विद्यालय तहका कक्षा आठ, दश र बाह्र बाहेक अन्य कक्षाका विद्यार्थी मूल्याङ्कन सम्बन्धमा सबै विद्यालयहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन वा वैकल्पिक माध्यमबाट पाठ्यक्रम समायोजन ढाँचा, २०७७ ले गरेको व्यवस्था समेतलाई ध्यान दिइ विद्यार्थीको अन्तिम मूल्याङ्कन गर्न बाँकी भए सो सम्बन्धी कार्य सम्पन्न गर्ने । कक्षा दश र बाह्रको हकमा राष्ट्रिय परीक्षा बोर्डबाट तोके बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने ।

३. शैक्षिक सत्र २०७८ मा माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको लागि असार एक गतेदेखि भर्नाको अभिलेख कायम गर्ने, विद्यालयले सम्भव भएसम्म आफ्नो सेवा क्षेत्रभित्र टेलिफोन वा अनलाइन माध्यमबाट अभिभावकहरुलाई सम्पर्क गरी वा सम्बन्धित स्थानीय प्रशासनबाट जारी भएको आदेश

फोन नं.:
वेबसाइट: www.moest.gov.np

समेतलाई ध्यान दिई विद्यार्थी भर्नाको उपयुक्त व्यवस्था मिलाउने । कुनै विद्यार्थी अन्य विद्यालयमा जान चाहेमा स्थानान्तरण प्रमाणपत्र विद्यालयबाट उपलब्ध गराउने व्यवस्था मिलाउने ।

४. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले तय गरेका जनस्वास्थ्य र सुरक्षा सम्वन्धी मापदण्ड र आदेशको अधिनमा रही शैक्षिक सत्र २०७८ का लागि सबै विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाउने र सिकाई सहजिकरण गर्दा यस मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशका, २०७७ अनुसार सिकाइ निरन्तरताको व्यवस्था मिलाउने ।

५. वैकल्पिक प्रणालीबाट शिक्षण सिकाई कार्यमा यस मन्त्रालय र शिक्षा तथा मानवस्रोत केन्द्रबाट भए गरेका अतिरिक्त प्रदेश सरकार र स्थानीय तहको आफ्नै पहलमा विगत एक वर्षको अवधिमा गरेका राम्रा अभ्यास भएको भए त्यस्ता विधि र मोडालिटीका वारेमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा उपलब्ध गराईदिने ।

विदुरराज गिरी
उपसचिव

वोधार्थ

श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र- सबै समन्वय इकाई तथा विद्यालयहरुमा निर्देशन हुन ।

श्री सामाजिक विकास मन्त्रालय- सातै प्रदेश